**आ.ब. २०६८/६९ देखि लागु हुने परिवर्तित राजस्व शीर्षक संकेत (व्याख्या सहित )**

| साविक संकेत | हालको संकेत | राजस्व शीर्षक | व्याख्या |
|---|---|---|---|
| १।१।०३।१४ | ११११ | व्यक्तिगत वा एकलौटी फर्म | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ। |
| १।१।०३।२१ | १११२ | पारिश्रमिक आय कर | गरेको तलब, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने आयमा लाग्ने कर यसमा पर्दछ। |
| १।१।०३।५३ | १११३ | पूजीगत लाभ कर व्यक्तिगत | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पूँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने कर यसमा पर्दछ। |
| १।१।०३।११ | ११२१ | सरकारी प्रतिष्ठानहरू | नेपाल सरकारको पूर्ण वा अधिकांश (५० प्रतिशत भन्दा बढी) स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमा पर्दछ। |
| १।१।०३।१२ | ११२२ | पब्लिक लि. | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पब्लिक लिमिटेड कम्पनी र नेपाल सरकारको ५० प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। |
| १।१।०३।१३ | ११२३ | प्रा. लि. | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन, २०५८ बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। |
| १।१।०३।१९ | ११२४ | अन्य निकाय | माथि उल्लिखित उपशीर्षक ११२१ देखि ११२३ भित्र परेका बाहेक अन्य संस्थाहरुः साझेदारी फर्म, सहकारी संस्था, ट्रष्ट, युनिट ट्रष्ट, संघ/संस्था, विदेशी कम्पनी एवं अन्य निकायको आयमा लाग्ने कर यसमा पर्दछ। |
| | ११२५ | पूजीगत लाभ कर निकाय | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पूँजीगतलाभमा निकायलाई लाग्ने कर यसमा पर्दछ। |
| १।१।०३।५१ | ११३१ | बहाल कर | घर, जग्गा, सवारी साधन तथा अन्य अचल सम्पत्ति बहाल वा पट्टा वा दीर्घकालीन करारमा दिए वापतको आयमा लाग्ने कर यसमा पर्दछ। |
| १।१।०३।५२ | ११३२ | व्याज कर | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने ब्याजमा लाग्ने कर यसमा पर्दछ। |
| १।१।०३।५४ | ११३३ | लाभांश कर | कुनै पनि कम्पनी वा निकायमा लगानी गरे वापत प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ। |
| १।१।०३।५९ | ११३४ | अन्य लगानीको आयकर | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ। |
| १।१।०३।६० | ११३५ | आकस्मिक लाभ कर | जुवा, चिठ्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने कर यसमा पर्दछ। |
| १।१।०३।९० | ११३६ | अन्य आयकर | माथि उल्लिखित शीर्षक नं. हरुमा नपरेका अन्य आयमा लाग्ने कर यसमा पर्दछ। |
| | ११२११ | पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट रुपमा तोकिए बमोजिम लिईने सामाजिक सुरक्षा कर यसमा पर्दछ। |
| मूल्य अभिवृद्धि कर तर्फको | | | |
| १।१।०२।११ | ११४११ | उत्पादन | उत्पादनकर्ताले वस्तु उत्पादन गरी बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। |
| १।१।०२।१२ | ११४१२ | पैठारी | आयातकर्ताले मालसामान पैठारी गर्दा भंसार विन्दुमै तिर्नुपर्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। |
| १।१।०२।१३ | ११४१३ | विक्री वितरण | थोक तथा खुद्रा बिक्रेताबाट मूल्य अभिबृद्धि करवापत तिर्नुपर्ने रकम यसमा पर्दछ। |
| १।१।०२।१४ | ११४१४ | सेवा, | सबै प्रकारका ठेक्का व्यावसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागू हुनु अगाडि असूल हुन बाँकी रहेका ठेक्का कर असूल भएमा यसैमा जम्मा गर्नु पर्दछ। |
| १।१।०२।१५ | ११४१५ | पर्यटन व्यवसाय | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रेकिङ), जलयात्रा |

| साविक संकेत | हालको संकेत | राजस्व शीर्षक | व्याख्या |
|---|---|---|---|
| | | | (ऱ्याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागू हुनु अगाडि असूल हुन बाँकी रहेका होटल कर असूल भएमा यसैमा जम्मा गर्नु पर्दछ। |
| १।१।०२।१९ | ११४१६ | अन्य सेवा | सबै प्रकारका संचार सेवा (सरकारी हुलाक सेवा बाहेक), बीमा र तोकिएका अन्य सेवाको बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर र हवाई उडान कर वापतको रकम यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागू हुनु अगाडि असूल हुन बाँकी रहेका मनोरन्जन कर असूल भएमा यसैमा जम्मा गर्नु पर्दछ। |
| | ११४१७ | बेदर्तावाल मु.अ.कर रिभर्स चार्ज | |
| अन्तःशुल्क तर्फको | | | |
| १।१।०२।२१<br>१।१।०२।२२ | ११४२१ | सुर्तीजन्य पदार्थ | सबै प्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। |
| १।१।०२।२३ | ११४२२ | मदीरा | मदिरा (वाईन र हल्का पेय पदार्थ समेत)मा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। |
| १।१।०२।२५ | ११४२३ | वियर | वियरमा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। |
| १।१।०२।२६ | ११४२४ | अन्य ओद्योगिक उत्पादन | माथि उल्लिखित उपशीर्षक ११४२१, ११४२२ र ११४२३ मा परेको बाहेक अन्य औद्योगिक उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। |
| १।१।०२।२७ | ११४२५ | पैठारी अन्तशुल्क | नेपाल भित्र पैठारी हुने सामानमा भन्सार बिन्दुमै तोकिए बमोजिम लाग्ने अन्तःशुल्क यसमा पर्दछ। |
| अन्य करहरू | | | |
| १।१।०२।२८ | ११४४१ | बैदेशिक रोजगार आपूर्ति सेवा | वैदेशिक रोजगारका लागि जनशक्ति आपूर्ति गर्दा लाग्ने सेवा कर यसमा पर्दछ। |
| १।१।०२।२९ | ११४४२ | स्वास्थ्य सेवा | नेपाल सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य संस्थाले प्रंदान गर्ने स्वास्थ्य सेवामा लाग्ने कर यसमा पर्दछ। |
| १।१।०२।३० | ११४४३ | शिक्षा सेवा शुल्क शैक्षिक संस्था | निजी शैक्षिक संस्थाहरुले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरुमा लाग्ने शिक्षा सेवा शुल्क यसमा पर्दछ। |
| | ११४४४ | शिक्षा सेवा शुल्क वैदेशिक अध्ययन | बिदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरुले वुझाउनु पर्ने शिक्षण शुल्कमा लाग्ने सेवा शुल्क बापतको रकम यसमा पर्दछ। |
| १।१।१०।१३ | १४१५२ | क्यासिनो रोयल्टी | क्यासिनोबाट प्राप्त रोयल्टी रकम यसमा पर्दछ। |
| १।१।१०।१९ | १४१५६ | अन्य रोयल्टी | माथि उल्लिखित शीर्षक नं १४१५२ देखि १४१५५ मा परेका बाहेक अन्य रोयल्टीको रकम यसमा पर्दछ। |
| १।१।०५।९५ | १४२१४ | दुर संचार सेवा शुल्क | दूर संचार सेवा शुल्क वापतको रकम यसमा पर्दछ। |
| | १४२१५ | टेलिफोन स्वामित्व शुल्क | टेलिफोन स्वामित्व बापतको रकम यसमा पर्दछ। |
| १।१।०५।९९ | १४२२७ | अन्य प्रशासनिक दस्तुर | विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयले लिने टिकट वापतको रकम, बोलपत्र फाराम बिक्रीको रकम, निवेदन दस्तुर, नो अवजेक्शन सर्टिफिकेट दस्तुर, ब्याबसायिक प्रमाण पत्र जारी तथा नवीकरण दस्तुर बापत प्राप्त रकम यसमा पर्दछ। |
| १।१।१२।२० | १४५२१ | अन्य राजस्व | माथिका शीर्षकहरुमा नपरेका अन्य रकमहरु यसमा पर्दछन्। |
| १।१।१३।१० | १५१११२ | क.१.६ वेरूजू | राजस्व बाहेकको बेरुजु रकम यसमा पर्दछ। राजस्व सम्बन्धी बेरुजु सम्बन्धित राजस्व उपशीर्षकमा नै दाखिला गर्नु पर्दछ। |